Women Youth Empowerment in Social Service and Human Rights

WYESHR

Estd:-2012

व्वेसरको

# आकस्मिक ट्रान्जिट घर

संचालनको लागि घटना दिशानिर्देश

## आकस्मिक ट्रान्जिट घर

पिडितले कहाँ सम्पर्क गर्ने

समाज सेवा र मानव-अधिकारमा महिला युवा स-शक्तिकरण (व्येसर) पहिलो संस्थाहरु मध्ये एक हो, जसद्दारा २४ घण्टा ७ दिन आकस्मिक टान्जिट घर विभिन्न जिल्लाहरुमा संचालित र कार्यान्वयन भैरहेको छ। यसको मुल उद्देश्य भनेको पिडितलाई सेवा, सामाजिक न्याय र संरक्षण गर्ने साथसाथ कारबाही मार्फत पिडितलाई न्यायिक हक र उनीहरुको मानवअधिकार सुरक्षित गर्नु हो।

## आकस्मिक ट्रान्जिट घर भनेको के हो?

आकस्मिक ट्रान्जिट घर सुरक्षित आवस हो जुन २४ घण्टा ७ दिन खुल्ला रहने छ तर पिडितलाई एक पटकमा २४ घण्टाको लागि मात्र सेवा प्रदान गरिन्छ जसमा मनोसामाजिक परामर्श, आवास, खाना र प्राथमिक उपचार पर्दछ। त्यसपछि पिडितको घटना र प्राथमिक आवश्यकता अनुसार घटना व्यवस्थापनमा गरी अन्य महिला तथा बालबालिकाको क्षेत्रमा कार्य गर्दै आएको संघसंस्थाहरु र सरकारी निकायसंग समन्वय र सहकार्य मार्फत रिफरलको व्यवस्थापन गरिन्छ।

## आकस्मिक ट्रान्जिट घरमा उपलब्ध सेवाहरु

**१. उद्धार** यो सेवा २४ घण्टा ७ दिन संचालन हुने हुँदा पिडित महिला र बालबालिकाहरुलाई व्येसरको प्राथमिकता सुची अनुसार प्रहरीको सहयोगमा उद्धारको लागि सँधै तयार रहनेछ।

**२. मनोसामाजिक परामर्श** पिडितलाई परामर्श अत्यावश्यक सेवा भएको हुँदा हामी फोन मार्फत अथवा आकस्मिक टान्जिट घरबाट उपलब्ध गर्दछौं।

**३. रिफरल/सिफारिस** पिडित महिला र बालबालिकाहरुलाई व्येसरको प्राथमिकता सुची अनुसार प्रहरीको सहयोगमा उद्धार गरिएपछि उनीहरुको प्राथमिक आवस्यकता हेरेर अन्य महिला तथा बालबालिकाको क्षेत्रमा कार्य गर्दै आएको संघसंस्थाहरु र सरकारी निकायसंग समन्वय र सहकार्य मार्फत रिफरल/सिफारिस गरिने छ।

२४ घण्टा, ७ दिन खुल्ला रहने
व्वेसरको
आकस्मिक टान्जिट घर
र उपलब्ध सेवाहरु

## व्येसरको ट्रान्जिट घरमा सेवाको प्राथमिकता

पिडित सेवाग्राही भन्नाले अर्को अर्थ लाग्न नगएमा मानव बेचबिखन (आन्तरिक, टान्जिट र वाह्य), व्यवसायिक र अव्यवसायिक यौन दुर्व्यवहार, वयस्क मनोरन्जनात्मक क्षेत्रमा कार्यरत, घरेलु हिंशा, दुर्व्यवहार र शोषणमा परेका महिला तथा बालिकाहरु।

**प्राथमिकता १:** बेचबिखन (आन्तरिक, टान्जिट र वाह्य), व्यवसायिक र अव्यवसायिक यौन दुर्व्यवहार, वयस्क मनोरन्जनात्मक क्षेत्रमा कार्यरत र बलात्कार।

**प्राथमिकता २:** बाल विवाह, बहु-विवाह, श्रम-शोषण, घरेलु हिंशा र सम्पूर्ण बाल श्रमिक

**प्राथमिकता ३:** बेवास्ता, बेवारिस र एकल महिला

**प्राथमिकता ४:** सडक बालबालिक जो प्राथमिकता नं १ मा पर्दछन्

*नोट: मानसिक समस्या भएको व्यक्ति, ४८ वर्ष नाघेका व्यक्ति, ८ वर्ष नपुगेका बालिका - यस्तो समुहलाई सेवा प्रदान गर्न विज्ञ मानव श्रोत संस्थामा नभएकोले हाल सेवा दिन असमर्थ*

उद्धार

मनोसामाजिक परामर्श

रिफरल/सिफारिस

गाँस, बास, प्राथमिक उपचार

**सेवा प्रदान हुने क्षेत्र**
प्रदेश ३: काठमाडौं, भक्तपुर र ललितपुर

**सहयोगी संस्था:**
फ्रिडम फण्ड

## व्येसरको ट्रान्जिट घरमा कसरी फोन सम्पर्क गर्ने

व्येसरको फोन नं: - ९८४४२८४१३८ मा सिधा सम्पर्क गर्ने

WYESHR
Estd:-2012
Women Youth Empowerment in Social Service and Human Rights
wyeshr.org.np@gmail.com info@wyeshr.org www.wyeshr.org
Direct Helpline: 9844284138

Design: Triangle Tomatoes